कमरेडहरु हार्दिक अभिवादन,

**पृष्ठभूमिः**

नेपाल खेलकुद महासंघको सातौ केन्द्रीय पदाधिकारी बैठक २०७८ माघ २३ गते आइतबारका दिन काठमाडौंमा भव्यरुपमा सम्पन्न भएको थियो । अध्यक्ष रमेशकुमार पौडेलको अध्यक्षतामा नेकपा एमालेका स्थायी कमिटी सदस्य एवं जनसंगठन सम्बद्ध समन्वय संयन्त्र प्रमुख भानुभक्त ढकालको प्रमुख आतिथ्यता तथा पोलिटब्यूरो सदस्य तथा महासंघका इन्चार्ज गोकुल बाँस्कोटा तथा संयन्त्र उपप्रमुख रचना खड्काको आतिथ्यतामा सम्पन्न बैठकले महासंघको विधानमा व्यवस्था भएका प्रावधानलाई महासंघबाट अनुमोदन गर्ने गरि संशोधन गर्ने लगायतका निर्णयहरु गरेको थियो ।

महासंघको दोस्रो महाधिवेशन सम्पन्न गर्न कमरेड पर्शुराम बस्नेतको संयोजकत्वमा १ सय ९९ सदस्य रहने गरि महाधिवेशन आयोजक कमिटी गठन गरेको तपाईंहामी सबैमा सर्वविदितै छ । मलाई खेलकुद महासंघको यो जिम्मेवारीमा सर्वसम्मत चयन गर्नुभएकोमा म पार्टी नेतृत्व तथा तपाईंहरु सबैलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

गत ०७८ वैशाख ७ गतेको राष्ट्रिय भेलाबाट ८ सय ४५ केन्द्रीय सदस्य, सबै केन्द्रीय आयोगका पदाधिकारी तथा सदस्य, सबै प्रदेश कमिटीका पदाधिकारी, नेकोस खेल संघका पदाधिकारी, जिल्ला तथा महानगर कमिटीका अध्यक्ष एवं पार्टी विभाजनपश्चात एमालेमा नै रहेका ०७८ वैशाख ७ अघिका नेकोसका पदाधिकारी तथा सदस्यहरु रहने गरि **नेकोस राष्ट्रिय प्रतिनिधि परिषद्**को व्यवस्था गर्ने निर्णय गरिएको थियो ।

२०७८ साल माघ २३ गतेबाट मैले नेपाल खेलकुद महासंघमा संयोजकको जिम्मेवारी प्राप्त गरेपछि यो बीचमा हामीले विभिन्न सांगठनिक तथा राजनीतिक कार्यक्रमहरु गरेका छौं । एक महिनाको यो अवधिमा नेपाल खेलकुद महासंघले

आठमध्ये ६ प्रदेशमा अधिवेशन गरेर नयाँ नेतृत्व निर्वाचित मात्र गरेको छैन, हामीले सांगठनिक रुपमा अरु थप कार्यक्रमहरु पनि गरेका छौँ । यसले मुलुकमा सकारात्मक सन्देश प्रवाह गरेको छ।

नेपाल खेलकुद महासंघमा म नेतृत्वमा आएपछिको यो पहिलो केन्द्रीय कमिटी बैठकमा मैले यो बीचमा भएका र भावी कार्ययोजनाबारे केही बुँदाहरु राख्न चाहन्छु:

**१. यो एक महिनामा भएका कार्यक्रम:**

१. २०७८ साल माघ २४ गते हामीले नेपाल खेलकुद महासंघको दोस्रो महाधिवेशनका लागि बनेको नयाँ कार्यसमितिबारे जानकारी दिन र नेपाल खेलकुद महासंघलाई आम जनतासम्म सहज रुपमा पुगोस् भन्ने उद्देश्य राखेर पत्रकार सम्मेलन गरेका थियौँ । त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा रहेको डिइसिसी हलमा सम्पन्न उक्त कार्यक्रममा नेपालका प्रमुख मिडियाहरुबाट संवाददाताहरुको उपस्थिति थियो ।

२. निवर्तमान अध्यक्ष रमेशकुमार पौडेलबाट नेपाल खेलकुद महासंघको केन्द्रीय कार्यालय थापाथलीमा २०७८ साल माघ २५ गते मेरो पदभार ग्रहण कार्यक्रम सम्पन्न भएको थियो ।

३. २०७८ साल फागुन ५ गते नेपाल खेलकुद महासंघका इन्चार्ज गोकुल बाँस्कोटाको प्रमुख आतिथ्यतामा उपत्यकामा रहेका दोस्रो महाधिवेशन आयोजक कमिटीका सदस्यहरुको आकस्मिक बैठक सम्पन्न भएको थियो । गौशालामा रहेको होटल इम्पेरियलमा सम्पन्न यो बैठकले खेलाडी सम्मान तथा प्रजातन्त्र दिवसका अवसर पारेर उद्घाटन हुने प्रदेश अधिवेशनको विशेष अभियानको तयारीबारे छलफल गरेर विशेष निर्णय गरेको थियो । बैठकले सबैलाई प्रदेश अधिवेशनको तयारीका लागि लाग्न निर्देशनसमेत गरेको थियो ।

४. २०७८ साल फागुन ७ गते नेपाल खेलकुद महासंघले विभिन्न खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेर नेपालका लागि पदक प्राप्त गरेका विभिन्न खेलाडीहरुलाई सम्मान गरेको थियो । पार्टीका वरिष्ठ उपाध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री ईश्वर पोखरेलको अतिथ्यमा सम्पन्न यो कार्यक्रममा ब्याडमिन्टनका विश्व वरियतामा एक नम्बरमा पुगेका प्रिन्स दाहाल र पाराओलम्पिकमा पदक प्राप्त खेलाडी र सेन्ट्रल जोन महिला भलिबल उपाधि जित्ने महिला भलिबल टिमलाई नगदसहित सम्मान गरिएको थियो ।

५. २०७८ साल फागुन ७ गते हामीले उपत्यका विशेष प्रदेश अधिवेशनको उद्घाटन पनि गरेका थियौं । नेकपा एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उपत्यका विशेष र सबै प्रदेशको अधिवेशनको उद्घाटन गर्नुभएको थियो । उपत्यका विशेष अधिवेशनबाट केशव व्यन्जनकारको अध्यक्षतामा सर्वसहमत ७१ सदस्यीय कमिटी निर्वाचित भएको छ ।

६. २०७८ साल फागुन १४ गते हामीले बागमती प्रदेशको राजधानी हेटौंडामा बागमती प्रदेश प्रथम अधिवेशन सम्पन्न गर्‍यौं । महासंघ इन्चार्ज गोकुल बाँस्कोटाको प्रमुख आतिथ्यतामा यो अधिवेशन सम्पन्न भएको थियो । अधिवेशनमा खेलकुद महासंघका संस्थापक अध्यक्ष पुरुषोत्तम पौडेल, पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, महासंघका सहइन्चार्ज रमेश पौडेल, पार्टी केन्द्रीय सदस्य रामेश्वर राणा, पार्टी जिल्ला अध्यक्ष एकलाल श्रेष्ठलगायतको उपस्थितिमा यो अधिवेशन सम्पन्न भएको थियो । अधिवेशनमा मसँगै आयोजक कमिटीका सदस्यहरु ओमकृष्ण प्रसाईं, दिपेन्द्र दाहाल, धरमबहादुर लामा, शान्तामाया परियार, रामकृष्ण खड्कालगायतको पनि आतिथ्यता थियो । अधिवेशनबाट सिताराम कार्कीको अध्यक्षतामा ४३ सदस्यीय कमिटी निर्वाचित भएको छ ।

७. २०७८ साल फागुन १६ गते सुदूरपश्चिम प्रदेशको प्रथम अधिवेशन सम्पन्न भयो । प्रदेशको राजधानी धनगढीमा पार्टी केन्द्रीय सचिव तथा सुदूरपश्चिम इन्चार्ज लेखराज भट्टको प्रमुख आतिथ्यतामा यो अधिवेशन सम्पन्न भएको थियो ।

अधिवेशनमा पार्टी पोलिटब्यूरो सदस्य तथा पूर्वमन्त्री नारादमुनि राना, महासंघका सहइन्चार्ज रमेश पौडेल, नेपाल खेलकुद महासंघको संयोजक म पर्शुराम बस्नेतलगायत आयोजक कमिटी सदस्य एकेन्द्र कुँवर, ओमकृष्ण प्रसाईं, दिपेन्द्र दाहाल, धरमबहादुर लामा, शान्तामाया परियार, विष्णु चन्दलगायतको आतिथ्यता थियो । अधिवेशनले अध्यक्षमा प्रकाश चन्द र ४९ सदस्य निर्वाचित गरेको छ ।

८. २०७८ साल फागुन १८ गते कर्णाली प्रदेशको राजधानी सुर्खेतमा प्रथम अधिवेशन सम्पन्न भयो । अधिवेशनको प्रमुख अतिथिमा पार्टी स्थायी कमिटी सदस्य यमलाल कँडेल, गोरखबहादुर बोगटी, पार्टी पोलिटब्यूरो सदस्य महासंघ इन्चार्ज गोकुल बाँस्कोटालगायत शीर्ष नेतृत्व उपस्थित हुनुहुन्थ्यो । अधिवेशनमा महासंघका इन्चार्ज रमेशकुमार पौडेल, संयोजकका रुपमा म पर्शुराम बस्नेत, सदस्यहरु एकेन्द्र कुँवर, चेतनराज गिरि, नन्दा बस्याललगायत अतिथिका रुपमा पुगेका थियौं । अधिवेशनले सुरज थापाको अध्यक्षतामा ३३ सदस्यीय प्रदेश कमिटी निर्वाचित गरेको छ ।

९. २०७८ साल फागुन १९ गते लुम्बिनी प्रदेशको विस्तारित बैठक सम्पन्न भयो । बैठकमा लुम्बिनी प्रदेश संयोजक श्याम थापाले अध्यक्षता गर्नुभएको थियो । प्रमुख अतिथि महासंघका सहइन्चार्ज रमेशकुमार पौडेल र विशिष्ट अतिथिमा महासंघका संयोजक पर्शुराम बस्नेत सहभागि हुनुहुन्थ्यो । अतिथिमा पार्टी लुम्बिनी प्रदेशका उपाध्यक्ष भोजराज श्रेष्ठ, मोर्चा फाँट प्रमुख हिमाल गुरुङ, आयोजक कमिटीका सदस्य भीम ओली, दिपेन्द्र दाहाल, ओमकृष्ण प्रसाईं, शान्तामाया परियार, सुनिता थापा, कपिल न्यौपाने, उमेश केसीलगायतको आतिथ्यतामा सम्पन्न बैठकले चैत १० गते अधिवेशन गर्ने मिति तोकेको छ । ९ चैतभित्रमा लुम्बिनी प्रदेशका सबै भेलाहरु सम्पन्न गर्ने निर्णयसमेत गरेको छ ।

१०. २०७८ साल फागुन २० गते मधेश प्रदेशको प्रथम अधिवेशन सम्पन्न भयो । मधेश प्रदेशको धनुषाको महेन्द्रनगरमा सम्पन्न अधिवेशनबाट कमलकिशोर चौधरीको अध्यक्षतामा ४३ सदस्यीय कमिटी निर्वाचित भएको छ । उक्त

अधिवेशनमा प्रमुख अतिथि पार्टी पोलिटब्युरो सदस्य तथा महासंघ इन्चार्ज गोकुल बाँस्कोटा हुनुहुन्थ्यो । अधिवेशनमा विशेष अतिथिमा सहइन्चार्ज रमेशकुमार पौडेल, अतिथिमा महासंघ संयोजक पर्शुराम बस्नेत, आयोजक कमिटीका सदस्य मधेश प्रदेश इन्चार्ज मानदेव हजारा, दिपेन्द्र दाहाल, प्रभातविक्रम कटुवाल, ओमकृष्ण प्रसाई, धरमबहादुर लामा, रामकृष्ण खड्का, शिवजी गुप्ता, राजेश शाह, शान्तामाया परियार, उमेश केसी, प्रभुनारायण सिवाकोटी, अरविन्द झा, सफल श्रेष्ठ, सुनिता थापालगायतको आतिथ्यता थियो ।

११. २०७८ साल फागुन २१ गते पहिलो चरणका प्रदेश अधिवेशनहरुको समापन कार्यक्रम हामीले गर्‍यौं । प्रजातन्त्र दिवसको अवसरमा सुरु भएका प्रदेश अधिवेशन हामीले सुखानीका सहिदहरुको सम्झना र सम्मानमा प्रदेश १ मा झापाको विर्तामोडमा गरेका थियौं । प्रदेश १ को यो प्रथम अधिवेशन हाम्रा लागि निकै महत्त्वपूर्ण कार्यक्रम बनेको छ । यो अधिवेशनमा पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री कमरेड केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा पार्टी उपाध्यक्ष विष्णु पौडेल, पार्टी स्थायी कमिटी सदस्य भानुभक्त ढकाल, देवराज घिमिरे, अग्नि खरेल, हिक्मत कार्की, पोलिटब्यूरो सदस्य तथा महासंघ इन्चार्ज गोकुल बाँस्कोटा, महासंघका संयोजक पर्शुराम बस्नेत, पार्टी प्रदेश सचिव चिन्तन पाठक, महासंघ अधिवेशन आयोजक कमिटीका सदस्यहरु प्रदेश १ इन्चार्ज प्रभातविक्रम कटुवाल, दिपेन्द्र दाहाल, ओमकृष्ण प्रसाईं, धरमबहादुर लामा, शान्तामाया परियार, सन्तोष वान्तवा, शम्भु पौडेल, उमेश केसी, विप्लव घोष, कपिल न्यौपाने, विदुर शर्मा, सन्तोषी श्रेष्ठ, उज्ज्वल प्रसाईं, हरिवंश कडरिया, थलुराज भण्डारी, चन्द्र प्रसाईंलगायतको आतिथ्यता थियो । अधिवेशनले राजकुमार थापाको अध्यक्षतामा ६६ सदस्यीय कमिटी निर्वाचित गरेको छ ।

१२. २०७८ साल फागुन २१ गते प्रदेश १ को प्रथम अधिवेशन सम्पन्न भए पछि २०७८ साल फागुन २८ गते राष्ट्रिय खेलकुद संघहरुको संयुक्त राष्ट्रिय भेला तथा कमिटी घोषणा हुनुका बीच हामीले यसको तयारीका लागि विभिन्न घटक

संघहरुसँग नियमित बैठक, परामर्श तथा छलफल गरेका छौँ । यी छलफलहरुबाट २८ फागुनमा संयुक्त राष्ट्रिय भेलामार्फत् २७ वटा घटक राष्ट्रिय खेल संघको नेतृत्व चयन गरेका छौँ ।

१३. २०७८ साल फागुन २८ गते काठमाडौंमा २७ राष्ट्रिय खेल संघको नेतृत्व चयनको कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिका रुपमा पार्टी महासचिव कमरेड शंकर पोखरेल हुनुहुन्थ्यो । त्यस्तै, कार्यक्रममा विशिष्ट अतिथि पार्टी पोलिटब्यूरो सदस्य तथा महासंघ इन्चार्ज कमरेड गोकुल बाँस्कोटा, अतिथिमा महासंघका सहइन्चार्ज कमरेड रमेशकुमार पौडेल हुनुहुन्थ्यो । कार्यक्रम महासंघका अध्यक्ष पर्शुराम बस्नेतको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## २. महासंघका भावी योजना

आदरणीय कमरेडहरु,

माथि मैले अहिलेसम्म गरिएका कामहरुको विषयमा संक्षिप्त जानकारी गराएको छु । यी सबै कामहरु तपाईंहरुको साथ र सहयोगविना सम्भव थिएन । छोटो समयमा यी कार्यहरु सम्पादनका लागि तपाईंहरुको योगदान तथा साथलाई मैले हार्दिकताका साथ लिएको छु र विशेष धन्यवाद अर्पण गर्न चाहन्छु ।

यी कार्यहरु सम्पन्न गर्नका लागि पार्टी नेतृत्वको साथ नभएको भए सम्भव थिएन । त्यस्तै, हामीले ६ प्रदेशमा गरेका अधिवेशनहरुमा पार्टीको स्थानीय नेतृत्व, नेकोसका साथीहरु र नवनिर्वाचित अध्यक्ष तथा कमिटीका सदस्यहरुको पनि पूर्ण साथ र सहयोग पाएका छौँ ।

देश अहिले स्थानीय, प्रादेशिक र संघीय निर्वाचनको मोडमा पुगिसकेको छ । हामीले विभिन्न प्रदेशमा गरेका अधिवेशनहरुबाट पार्टीलाई यो निर्वाचनमा चुस्त र

दुस्त राख्न पनि सहयोग गर्ने विश्वास मैले लिएको छु । सम्पन्न भएका यी कार्यहरुको गरिमा त्यति बेला मात्र कायम रहन्छ, जब हाम्रा भावी कार्यहरुलाई पनि सम्पन्न गर्न सक्छौँ ।

कमरेडहरु, आजको यो बैठकमा म अब नेपाल खेलकुद महासंघ (नेकोस)का भावी कार्ययोजनाहरु प्रस्तुत गर्न चाहन्छु । यसमा कमरेडहरुबाट थप साथ, सल्लाह र सुझावको अपेक्षा पनि गरेको छु ।

## क) खेलकुद गतिविधि

१. नेपाल खेलकुद महासंघ (नेकोस)को सदस्यता लिएका खेलाडी तथा खेल प्राविधिक तथा अफिसियलहरुको खेल्दा खेल्दै वा कुनै प्रतियोगिताको दौरानमा दुर्घटना भएर घाइते भएको अवस्थामा नेकोसले उनीहरुको उपचारार्थ सहजीकरण गर्नेछ ।

२. विश्व महामारी कोरोनाभाइरस (कोभिड १९) का कारण रोकिएका पूर्वनिर्धारित **मेचीकाली खेल जागरण अभियान** तथा **नेकोस काठमाडौं स्पोर्ट्स फेस्टिभल**को आयोजना यथाशक्य छिटो आयोजना गरिनेछ ।

३. वर्षभरि प्रदर्शन गरेको आधारमा खेलका सबै खाले विधाहरुमा उत्कृष्ट हुने खेलकर्मीहरुको छनोट गरि प्रोत्साहन तथा सम्मान गरिनेछ ।

४. वार्षिक क्यालेन्डरमा समावेश गरि खेलकुदको माध्यमबाट मुलुकलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन सफल खेलाडीहरुको नामबाट खेल जागरण अभियान सन्चालन गर्ने ।

५. नेपाली मौलिकता र सँस्कृति झल्काउने खेलको जागरण अभियान तथा गतिविधि सन्चालन गर्ने ।

## ख) महासंघका भावी सांगठनिक गतिविधि

१. आगामि दुई महिनाभित्र ७७ जिल्लाका अधिवेशनहरु सम्पन्न गर्नुका साथै महासंघलाई केन्द्रदेखि टोलसम्म पुऱ्याउन प्रदेश, जिल्ला, स्थानीय तह हुँदै वडा कमिटी तथा क्लबहरु गठन गरिनेछ। जसअनुरुप दुई वर्षभित्र न्युनतम एक लाख वा सोभन्दा बढी र चार वर्षभित्र पाँच लाख नयाँ खेलाडी, खेलकर्मी, प्रशिक्षक, प्रबन्धकलगायत खेलसम्बद्ध व्यक्तिहरुलाई संगठित गर्दै पार्टीको **समृद्ध नेपाल, सुखी नेपाली** को नारालाई साकार पार्न महासंघले आफ्नो ठाउँबाट महत्वपूर्ण योगदान दिन सक्ने विश्वास लिएको छु। जसको खाका निम्नअनुसार रहनेछः

| **क्र. सं.** | **कमिटीको नाम** | **संख्या** | **जम्मा संगठित सदस्य** | **कैफियत** |
|---|---|---|---|---|
| १. | केन्द्रीय कमिटी | २९९ | २९९ | हाल १९९ |
| २. | नेकोस राष्ट्रिय प्रतिनिधि परिषद् | ११११९ | ११११९ | |
| ३. | प्रदेश कमिटी | ७५×८ प्रदेश | ६०० | हाल ६ प्रदेशमा |
| ४. | नेकोस राष्ट्रिय खेल संघ | (७-३५) ५५×३५ | १९२५ | |
| ५. | जिल्ला कमिटी | ५१-७५× ७७ जिल्ला | ३९२७ | |

| | | | | |
|---|---|---|---|---|
| ६. | महानगर/उपमहानगर | ५१-६५× (६+११)१७ | ८६७ | |
| ७. | नगरपालिका | २१-३१ (२५×२७६) | ६९०० | |
| ८. | गाउँपालिका | २१×४६० | ९६६० | |
| ९. | वडा कमिटी | ११-१५ (११×६७४३) | ७४१७३ | |
| १०. | नेकोस क्लब | २५५×११ | २८०५ | |
| **जम्मा** | | | **१०२२७५** | |

**हार्दिक अभिवादन सहित !**

**कृष्ण बस्नेत (पर्शुराम)**
**अध्यक्ष, नेपाल खेलकुद महासंघ**